## थलारा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः३ मिति २०८१ साल पुष २७ गते

## भाग -२

### थलारा गाउँपालिकाको सार्वजनिक खरिद (प्रथम संशोधन) नियमावली, २०८१

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१।९।२७

**प्रस्तावनाः**

थलारा गाउँपालिकाले सार्वजनिक खरिद नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी थलारा गाउँ कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमहरुको नाम "थलारा गाउँपालिकाको सार्वजनिक खरिद(प्रथम संशोधन) नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **थलारा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १५ मा संशोधनः** थलारा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ (यस पछि मुल नियमावली भनिएको) को नियम १५ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम १ र २ राखिएका छन्।

"(१) नियम ११, १२, र १४ बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः

क) एक करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको अख्तियारी प्राप्त शाखा प्रमुख वा वडा सचिव

(ख) पाँच करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको प्रमुख प्रशासकीय अधिकृत

(ग) पाँच करोड रूपैयाँ भन्दा माथिको लागत अनुमान गाउँपालिका अध्यक्ष

(२) नियम १३ बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः

क) पाँच लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको अख्तयारी प्राप्त शाखा प्रमुख वा वडा सचिव

(ख) बीस लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको प्रमुख प्रशासकीय अधिकृत

(ग) बीस रूपैयाँ भन्दा माथिको लागत अनुमान गाउँपालिका अध्यक्ष"

३. **मुल नियमावलीको नियम ३९ मा थपः** मुल नियमावलीको नियम ३९ पछि देहायको ३९क थप गरिएको छ।

"**३९क. दुई खाम विधिबाट गरिने खरिदको कार्यविधिः** (१) बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा दुई करोड रुपैयाँभन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी शिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रूपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै बाहिरी खाममा शिलबन्दी गरी बोलपत्र पेश गर्नु पर्ने व्यहोरा, बोलपत्र आह्वानको सूचनाको विवरण र बोलपत्रसाथ संलग्न कागजातको विवरण खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम २६, २७, २९ र ३० बमोजिमको प्राविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको प्राविधिक प्रस्ताव ऐनको दफा ३२ बमोजिमको प्रक्रियाबाट खोली दफा २३ र नियम ६८, ६९, ७१ र ७२ बमोजिम परीक्षण गरी सारभूत रूपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमका योग्यताको सबै आधारमा सफल हुने बोलपत्र सारभूत रूपमा प्रभावग्राही बोलपत्र मानिनेछ र त्यस्तो सफल सबै बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ।

तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता हुने छैन।

(७) उपनियम (४) बमोजिमको सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नियम ८८ बमोजिमको प्रक्रियाबाट आर्थिक प्रस्ताव खोली ऐनको दफा २५ र नियम ७०, ७३ र ७४ बमोजिम आर्थिक तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ।"

४. **मुल नियमावलीको नियम ४३ मा थपः** मुल नियमावलीको नियम ४३ को उपनियम (२) पछि देहायको उपनियम (३) थप गरिएको छ।

"(३) उपनियम (१) बमोजिम योग्यताका सबै आधार पूरा गर्ने पूर्व योग्यताका आवेदक छनौट गर्दा कम्तीमा तीनवटा योग्य आवेदक छनौट हुन नसकेमा सार्वजनिक निकायले पूर्व निर्धारित पूर्व योग्यताको आधार पुनरावलोकन गरी पुनः सूचना प्रकाशन गरी योग्य आवेदक छनौट गर्नु पर्नेछ।"

५. **मूल नियमावलीको नियम ५५ मा संशोधनः** मूल नियमावलीको नियम ५५ मा रहेको "प्रमुख प्रशासकीय अधिकृत" भन्ने शब्दको सट्टा "नियम १५ बमोजिमको अधिकारीले" भन्ने शब्द राखिएको छ।

६. **मूल नियमावलीको नियम ७४क थपः** मूल नियमावलीको नियम ७४ पछि देहायको नियम ७४क थप गरिएको छ।

"**७४क. मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्थाः** (१) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालक उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर भए नभएको सम्बन्धमा एकिन गरी त्यस्तो मुद्दा दायर भएको देखिएमा सोको जानकारी प्रमुख प्रशासकीय अधिकृतले गाउँ कार्यपालिकालाई गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जानकारी पेश भएमा गाउँ कार्यपालिकाले त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्तउपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्याङ्कन गरी सक्नु पर्ने अवधिभित्र मूल्याङ्कन प्रक्रियामा समावेश नगर्न निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्देशन भई आएमा मूल्याङ्कन समितिले त्यस्तो प्रस्तावलाई मूल्याङ्कन प्रक्रियाबाट हटाई बाँकी प्रस्ताव मूल्याङ्कन गर्नु पर्नेछ।"

७. **मूल नियमावलीको नियम ७६ मा संशोधनः** मूल नियमावलीको नियम ७६ (१) को सट्टा देहायको नियम ७६ राखिएको छ।

"(७६) **बोलपत्र स्वीकृत गर्ने अधिकारीः** देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः

क) एक करोड रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको आर्थिक अख्तियारी प्राप्त शाखा प्रमुख वा वडा सचिव

(ख) दश करोड रूपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको प्रमुख प्रशासकीय अधिकृत

(ग) दश करोड रूपैयाँ भन्दा माथिको गाउँपालिका अध्यक्ष"

८. **मूल नियमावलीको नियम ९१ मा संशोधनः** मूल नियमावलीको नियम ९१ (१) को सट्टा देहायको नियम ९१ राखिएको छ।

"(९१) **बोलपत्र स्वीकृत गर्ने अधिकारीः** देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः

क) पाँच लाख रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको आर्थिक अख्तियारी प्राप्त शाखा प्रमुख वा वडा सचिव

(ख) बीस लाख रूपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको प्रमुख प्रशासकीय अधिकृत

(ग) दश करोड रूपैयाँ भन्दा माथिको गाउँपालिका अध्यक्ष"

९. **मूल नियमावलीको नियम ९२ मा संशोधनः** मूल नियमावलीको नियम ९२ मा रहेको "पाँच लाख" भन्ने शब्दहरुको सट्टा "दश लाख" भन्ने शब्दहरु राखिएको छ।

**१०. मूल नियमावलीको नियम ९५ मा संशोधनः** (१) मूल नियमावलीको नियम ९५ को उपनियम (१) मा रहेको "पाँच लाख" भन्ने शब्दहरुको सट्टा "दश लाख" भन्ने शब्दहरु राखिएको छ।

(२) मूल नियमावलीको नियम ९५ को उपनियम (२) मा रहेको "बीस लाख" भन्ने शब्दहरुको सट्टा "पच्चीस लाख" भन्ने शब्दहरु राखी सोही उपनियममा रहेको "पन्ध्र लाख रुपैयाँ सम्मको" भन्ने शब्दहरु झिकिएका छन्।

(३) मूल नियमावलीको नियम ९५ को उपनियम (३) को सट्टा देहायको उपनियम ३ राखिएको छः-

"(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो उपनियमहरुमा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन।

तर उपनियम ११ बमोजिम खुला रुपमा सूचना प्रकाशन गरी दरभाउपत्र वा प्रस्ताव माग गरिएको अवस्थामा यस उपनियमले बाधा पुऱ्याएको मानिनेछैन।"

(४) मूल नियमावलीको नियम ९५ को उपनियम (११) पछि देहायको उपनियम (११क), (११ख), (११ग) र (११घ) थप गरिएको छः

"(११क) उपनियम (११) बमोजिम दरभाउपत्र वा प्रस्ताव माग गर्दा कार्यालयले खुला रुपमा सूचना प्रकाशन गरी वा मौजुदा सूचीमा सूचीकृत रहेका आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकलाई कुनै माध्यमबाट दरभाउपत्र वा प्रस्ताव फाराम पठाई माग गर्न सकिनेछ। यसरी दरभाउपत्र वा प्रस्ताव पेश गर्ने समयावधि, माध्यम र स्थान कार्यालय प्रमुखले तोके बमोजिम हुनेछ।

(११ख) उपनियम (११) बमोजिम प्राप्त दरभाउपत्र वा प्रस्ताव मध्ये सारभूत रुपमा प्रभावग्राही र न्यूनतम मूल्याङ्कित दरभाउपत्र वा प्रस्ताव स्वीकृत गरी खरिद सम्झौताका लागि दरभाउपत्रदाता वा प्रस्तावदातालाई जानकारी पठाउनु पर्नेछ। यस उपनियम बमोजिम खरिद सम्झौता गर्ने अवधि कार्यालय प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ।

(११ग) उपनियम (११ख) बमोजिम छनौट भएको दरभाउपत्रदाता वा प्रस्तावदाताले कार्यालय प्रमुखले तोकेको अवधि भित्र सम्झौता नगरेमा वा सम्झौतामा तोकिएको अवधि भित्र आपूर्ति वा निर्माण वा सेवाप्रदान गर्न नसकेमा वा नसक्ने जानकारी दिएमा त्यस्तो दरभाउपत्र वा प्रस्ताव रद्द गरी सो भन्दा लगत्तै पछिको न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही दरभाउपत्र वा प्रस्ताव स्वीकृत गरी खरिद सम्झौता गरिनेछ।

(११घ) उपनियम (११ख) वा (११ग) बमोजिम छनौट भएको दरभाउपत्रदाता वा प्रस्तावदाताले कार्यालय प्रमुखले तोकेको अवधि भित्र सम्झौता नगरेमा वा सम्झौतामा तोकिएको अवधि भित्र आपूर्ति वा निर्माण वा सेवाप्रदान गर्न नसकेमा वा नसक्ने जानकारी दिएमा त्यस्तो दरभाउपत्र वा

प्रस्ताव रद्द गरी दरभाउपत्रदाता वा प्रस्तावदातालाई कालो सूचीमा राख्न गाउँपालिकाले सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनेछ।"

(५) मूल नियमावलीको नियम ९५ को उपनियम (१५) को सट्टा देहायको उपनियम (१५) राखिएको छः-

"(१५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नियम ९५ बमोजिम खरिद गर्नुपर्दा कुनै जमानत माग गर्नु पर्ने छैन।"

११. **मूल नियमावलीको नियम १०७ मा संशोधनः** मुल नियमावलीको नियम १०७ मा ठाउँ ठाउँमा रहेका "उपभोक्ता समिति वा लाभग्राही समुदाय" भन्ने शब्दहरुको सट्टा "उपभोक्ता समिति वा लाभग्राही समुदाय वा टोल विकास संस्था" भन्ने शब्दहरु राखिएका छन्।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि टोल विकास संस्था भन्नाले आयोजनाबाट लाभान्वित हुने टोल वा क्षेत्रमा स्थानीय कानुन बमोजिम गठन भएका टोल विकास संस्थालाई जनाउँछ।

१२. **मूल नियमावलीको नियम १२१ मा संशोधनः** (१) मुल नियमावलीको नियम १२१ मा रहेका "दश लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

(२) मूल नियमावलीको नियम १२१ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः

"(३क) नियम ९७क. बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदाय वा टोल विकास संस्थाबाट बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम (१) बमोजिम बीमा गराउनु पर्नेछ । यसरी बीमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरिदिनु पर्नेछ ।"

१३. **मूल नियमावलीको नियम १३० मा संशोधनः** (१) मुल नियमावलीको नियम १३० को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः

"(ग) खण्ड क बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नुपर्ने"

१४. **मूल नियमावलीको नियम १३३ मा संशोधनः** मुल नियमावलीको नियम १३३ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः

"(३क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको कम्तिमा असी प्रतिशत काम सम्पन्न गरेको सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालु अवस्थामा रहेको र

निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा नियम १३२ बमोजिम राखिएको रिटेन्सन मनी बापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ताको माग गरेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सकिनेछ। यसरी रिटेन्सन मनी फिर्ताको लागि पेश गरिने बैङ्क जमानतको म्याद त्रुटि सच्याउने अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनु पर्नेछ।"

**१५. मूल नियमावलीको नियम १५७ मा संशोधनः** मुल नियमावलीको नियम १५७ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः

"(३) मूल्याङ्कन समितिले यस नियममा उल्लेख भए बमोजिम मूल्याङ्कन प्रतिवेदन कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।"

आज्ञाले,

प्रयाग राज पाध्या

प्रमुख प्रशासकीय अधिकृत